# विद्यालय अनुदान व्यवस्थापन कार्यविधि, २०८१

## गौरादह राजपत्र

गौरादह नगरपालिकाद्धारा प्रकाशित

खण्ड ६ संख्या ३ मिति २०८१/०२/१८

भाग २

गौरादह नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
गौरादह, झापा ।

# विद्यालय अनुदान व्यवस्थापन कार्यविधि, २०८१

**प्रस्तावनाः**

नगर क्षेत्रको शैक्षिक गुणस्तर अभिबृदि गर्न तथा साधन स्रोतको समुचित परिचालन गरी नगरपालिकाबाट प्रदान गरिने अनुदानलाई अनुमानयोग्य, पारदर्शी बनाई नतिजासँग आबद्द गर्न बाञ्छनिय भएकाले नगरकार्यपालिकाको मिति २०८१/०२/१८ गतेको बैठकबाट स्वीकृत गरी यो कार्यविधि जारी गरेको छ ।

१. **<u>कार्यविधिको नामः</u>** (१) यो कार्यविधिको नाम **"विद्यालय अनुदान व्यवस्थापन कार्यविधि, २०८१"** रहेको छ।

(२) यो कार्यविधि गौरादह नगर कार्यपालिकाबाट पारित भएको मितिदेखि लागू हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **"विद्यालय"** भन्नाले गौरादह नगरपालिका क्षेत्रभित्र रहेका नेपाल सरकारको अनुमति प्राप्त सामुदायिक विद्यालय सम्झनु पर्दछ।

(ख) **"शिक्षा समिति"** भन्नाले गौरादह नगरपालिकाको माध्यमिक तहसम्मको शिक्षा ऐन(पहिलो संसोधनसहित), २०७९ को परिच्छेद ४ बमोजिम गठित नगरपालिका शिक्षा समिति सम्झनुपर्छ ।

(ग) **"नगरपालिका"** भन्नाले गौरादह नगरपालिका सम्झनु पर्दछ।

(घ) **"कार्यपालिका"** भन्नाले गौरादह नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ।

(ङ) **"शिक्षक सेवा आयोग"** भन्नाले नेपाल सरकारको शिक्षक सेवा आयोगलाई जनाउनेछ।

(च) **"अनुदान"** भन्नाले दफा ४ बमोजिम नगरपालिकाले आन्तरिक श्रोतबाट विद्यालयलाई उपलब्ध गराउने अनुदान रकम सम्झनुपर्छ।

(छ) **"विद्यालय व्यवस्थापन समिति"** समिति भन्नाले गौरादह नगरपालिकाको माध्यमिक तहसम्मको शिक्षा ऐन(पहिलो संसोधनसहित), २०७९ को परिच्छेद ५ बमोजिम गठित विद्यालय व्यवस्थापन समिति सम्झनुपर्छ।

३. **<u>विद्यालयलाई दिइने अनुदानसम्बन्धी व्यवस्थाः</u>** (१) सङ्घीय सरकारबाट स्थानीय तहमार्फत विद्यालयहरुमा जाने सशर्त अनुदान नेपाल सरकारको कार्यक्रम कार्यान्वयन निर्देशिका बमोजिम हुनेछ। यस कार्यविधिमा लेखिएका कुराहरुले सो अनुदानको वितरण प्रक्रियामा कुनै असर गर्ने छैन ।

(२) गौरादह नगरपालिकाले आफ्नो क्षेत्रभित्रका सामुदायिक तथा प्राविधिक विद्यालयहरुलाई आवश्यकताका आधारमा सम्बन्धित विद्यालयबाट विद्यालय व्यवस्थापन समितिको निर्णय सहित प्रस्तावना पेस गरेमा शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाको निर्णय बमोजिम शिक्षक व्यवस्थापन, बालकक्षा व्यवस्थापन, विद्यालयको भौतिक सुविधा बिस्तार कार्यक्रम र कार्यसम्पादनमा आधारित अनुदान शिर्षकमा विद्यालयलाई शर्त सहित अनुदान दिन सक्नेछ ।

(३) यसरी नगरपालिकाबाट प्राप्त अनुदान सम्बन्धित विद्यालयले तोकिएको शिर्षकमा मात्र खर्च गर्नुपर्नेछ।

४. **अनुदान प्राप्त गर्न पुरा गर्नुपर्ने शर्तहरुः** अनुदान प्राप्त गर्ने प्रत्येक विद्यालयले देहायका शर्तहरु अनिवार्य पुरा गर्नुपर्नेछः

**(१) विद्यालय सुधार योजनाः** प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको शैक्षिक, भौतिक, आर्थिक तथा व्यवस्थापकीय पक्ष सुधारका कार्यक्रम समेटिएको अध्यावधिक विद्यालय सुधार योजना तयार गरी प्रत्येक वर्ष अध्यावधिक गर्नुपर्नेछ ।

**(२) लेखा परीक्षण तथा सामाजिक परीक्षणः** प्रत्येक सामुदायिक विद्यालयले हरेक वर्षको वार्षिक आर्थिक कारोवारको नियमित रुपमा लेखापरीक्षण एवम् विद्यालयको सम्पूर्ण वार्षिक क्रियाकलापहरुको सामाजिक परीक्षण गरी सोको प्रतिवेदन शिक्षा, युवा तथा खेलकुद शाखामा पेस गर्नुपर्नेछ। लेखापरीक्षण तथा

सामाजिक परीक्षणको प्रतिवेदन प्राप्त नभए अनुदान रकम उपलब्ध गराइने छैन।

(३) **विद्यालयको वार्षिक कार्ययोजनाः** विद्यालय सुधार योजनाका आधारमा प्रत्येक विद्यालयले आफ्नो लक्ष्य तथा बजेट सहितको वार्षिक कार्ययोजना तयार गर्नुपर्नेछ ।

(४) **प्रतिवेदन संप्रेषणः** प्रत्येक विद्यालयले तोकिएका प्रतिवेदनहरु, वार्षिक लेखापरीक्षण प्रतिवेदन, सामाजिक परीक्षण प्रतिवेदन ,चौमासिक प्रतिवेदन तयार गरी शिक्षा, युवा तथा खेलकुद शाखामा पेस गर्नुपर्नेछ ।

(५) **तथ्याङ्क व्यवस्थापनः** प्रत्येक विद्यालयले हरेक शैक्षिक सत्रको सुरुवात तथा अन्तमा तोकिए बमोजिमको एकिकृत शैक्षिक व्यवस्थान सूचना प्रणालीमा विद्यालयका सम्पूर्ण विवरण अध्यावधिक गरी सोको प्रमाणित प्रति शिक्षा, युवा तथा खेलकुद शाखामा पेस गर्नुपर्नेछ ।

५. **शिक्षक व्यवस्थापन अनुदानः** (१) विद्यालयको दरबन्दी संख्या एकिन गरी थप शिक्षक आवश्यक परेमा शिक्षक व्यवस्थापन अनुदान उपलब्ध गराउन सकिने छ।यसरी प्राप्त अनुदानबाट शिक्षकको व्यवस्थापन गर्दा नगर शिक्षा ऐन, २०७९ को परिच्छेद ९ को दफा ५७ मा व्यवस्था भए बमोजिम हुनेछ।

६. **कार्यसम्पादनमा आधारित अनुदानः** विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान प्रदान गर्दा निम्न सूचकहरुमा आधारित भई गरिनेछः

(क) विद्यार्थीले हाँसिल गरेको औषत उपलब्धि,

(ख) विद्यालयको आन्तरिक सक्षमताको अवस्था,

(ग) विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठनको अवस्था,

(घ) सामाजिक परीक्षण तथा लेखा परीक्षण को अवस्था,

(ङ) विद्यालय सुधार योजना तथा वार्षिक अद्यावधिकरण,

(च) पाठ्यक्रम कार्यान्वयन र विद्यार्थी मूल्याङ्कनको अवस्था,

(छ) शिक्षकको उपस्थिति र शिक्षण सिकाई समय परिपालना,

(ज) विद्यालयको वार्षिक शैक्षिक योजना निर्माण र कार्यान्वयन।

७. **बाल कक्षा व्यवस्थापन अनुदान र भौतिक सुविधा विस्तार अनुदानः** बाल कक्षा व्यवस्थापन अनुदान र भौतिक सुविधा विस्तार अनुदान प्रदान गर्दा विद्यालयको आवश्यकता पहिचान गरी विद्यार्थी संख्या, विद्यालयको कार्यसम्पादन स्तर र विद्यार्थीले हाँसिल गरेको औषत उपलब्धिका आधारमा अनुदान उपलब्ध गराउँन सकिनेछ ।

८. **विद्यालय अनुदान व्यवस्थापनमा विभिन्न निकायको भूमिकाः** विद्यालयमा जाने अनुदानको प्रभावकारी एवम् दक्षतापूर्ण उपयोगका लागि विभिन्न निकायहरुको दायित्व देहाय अनुसारको हुनेछः

१) **शिक्षा, युवा तथा खेलकुद शाखाः** विद्यालयको शिक्षण सिकाईको सुपरिवेक्षण, पाठ्यक्रम कार्यान्वयन तथा विद्यार्थी मूल्याङ्कनका साथै भौतिक पक्षहरुको प्रभावकारी अनुगमन गरी सो को प्रतिवेदन नगर शिक्षा समिति समक्ष पेस गर्ने,

२) **विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघः** क) वार्षिक योजना अनुरुप सञ्चालन हुने क्रियाकलापहरुको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने।

ख) कानुन बमोजिम विद्यालयको लेखा परीक्षण गराइ सो को प्रतिवेदन शिक्षा, युवा तथा खेलकुद शाखामा पेस गर्ने।

ग) विद्यालय सञ्चालनका लागि आवश्यक श्रोत जुटाउने तथा परिचालन गर्ने।

घ) विद्यालयले वार्षिक रुपमा कार्यान्वयन गरेको कार्यक्रमहरुको प्रभावकारिता अभिवृद्धि गर्नुका साथै प्राप्त अनुदानको सदुपयोगका लागि नियमानुसार तोकिएको ढाँचामा सामाजिक परीक्षण गराउने।

३) **प्रधानाध्यापकः क)** विद्यालयको वार्षिक कार्ययोजना तयार गरी लागु गर्ने।

ख) आवश्यकतामा आधारित अनुदान रकम विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार माग गर्ने।

ग) विद्यालयलाई प्राप्त अनुदान तोकिएका शिर्षकमा मात्र खर्च गरी कार्य सम्पादन गर्ने।

घ) वार्षिक रुपमा लेखा परीक्षण तथा सामाजिक परीक्षण गराउने र नियमित रुपमा शिक्षा, युवा तथा खेलकुद शाखामा प्रतिवेदन पेस गर्ने।

९. **अनुदान रोक्कासम्बन्धी व्यवस्था:** (१) नेपाल सरकार वा प्रदेश सरकार वा अन्य निकायबाट शिक्षकको स्थायी दरबन्दी प्राप्त भएमा वा नगर शिक्षा ऐनले तोके बमोजिम अनुदान प्राप्त गर्ने न्युनतम मापदण्ड पुरा नगरेकोमा वा यस कार्यविधिको उद्देश्य बमोजिम शैक्षिक गुणस्तर सुधार गर्ने लक्ष्य प्राप्त नभएमा वा शिक्षकहरुको कामकारवाही सन्तोषजनक नभएको देखिन आएमा वा भौतिक सुविधा विस्तार कार्यक्रमको कार्यान्वयन प्रभावकारी नभएको पाइएमा नगरपालिकाले यस कार्यविधि बमोजिम विद्यालयलाई उपलब्ध गराउने अनुदान रोक्का गर्नेछ ।

१०. **विविधः** (१) यस कार्यविधिमा उल्लेख नभएका विषय संघीय शिक्षा ऐन, नगर शिक्षा ऐन, र प्रचलित कानुन बमोजिम हुनेछ।

११. **यसै कार्यविधि बमोजिम भए गरेको मानिनेः** यो कार्यविधि लागुहुनु अघि प्रदान गरिएको अनुदान यसै कार्यविधि अनुसार भए गरेको मानिनेछ।

१२. **संशोधन र बाधा अडकाउ फुकाउः** (१) यस कार्यविधिमा नगर कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

(२) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले आवश्यक निर्णय गरी बाधा अडकाउ फुकाउन सक्नेछ ।

आज्ञाले
युवराज खतिवडा
प्रमुख प्रशासकीय अधिकृत